## परीक्षामा परमेश्वरको उद्देश्य

अय्यूबले गरेका सबै गलत तर्कहरूको वास्तविक रहस्य यस तथ्यमा भेटिन्छ कि उनले परमेश्वरको चरित्र वा उहाँका सबै व्यवहारहरूको उद्देश्य बुझेनन्। परमेश्वरले उनलाई जाँचिरहनुभएको थियो, उहाँ पर्दापछाडि हुनुहुन्थ्यो र आफ्ना बुद्धिमानी तथा अनुग्रहपूर्ण उद्देश्यहरू पूरा गर्न विभिन्न माध्यमहरू प्रयोग गरिरहनुभएको थियो—यो कुरा उनले देखेनन्। शैतान आफैं पनि परमेश्वरको हातमा केवल एउटा साधन मात्र थियो; उसले परमेश्वरले तोकिदिनुभएको सीमाभन्दा रौँबराबर पनि अघि बढ्न सक्दैनथ्यो। अभ, उसले आफूलाई सुम्पिएको काम पूरा गरिसकेपछि उसलाई हटाइयो, र त्यसपछि हामी उसको विषयमा केही पनि सुन्दैनौं। परमेश्वर अय्यूबसँग व्यवहार गरिरहनुभएको थियो। उहाँले अय्यूबलाई जाँचिरहनुभएको थियो, ताकि उहाँले उसलाई सिकाउन, उसको उद्देश्यबाट फर्काउन र उसभित्रको घमण्ड हटाउन सक्नुभएको होस्। यदि अय्यूबले यो महान् सत्यलाई बुझेका भए, उसलाई धेरै दुःख र विवादबाट बचाउने थियो। मानिसहरू र परिस्थितिहरू, व्यक्तिहरू र विभिन्न प्रभावहरूसँग रिसाउनुको सट्टा, उसले आफ्नै जीवनको न्याय गर्नेथियो र नम्रता, टुटेको हृदय र साँचो पश्चात्तापका साथ प्रभुको सामु निहुरिनेथियो।

यो कुरा हामी सबैका लागि अत्यन्तै महत्त्वपूर्ण छ। "परमप्रभुले धर्मी जनलाई जाँच्नुहुन्छ" भन्ने गम्भीर सत्यलाई हामी सबैले बिर्सने प्रवृत्ति राख्छौं। "उहाँले आफ्ना आँखाहरू तिनीहरूबाट हटाउनुहुन्न।" हामी उहाँकै हातमा छौं, र निरन्तर उहाँकै दृष्टिअन्तर्गत छौं। हामी उहाँको गहिरो, कोमल र कहिल्यै नबदलिने प्रेमका पात्र हौं; तर हामी उहाँको बुद्धिमानी नैतिक शासनअन्तर्गत पनि छौं। हामीप्रति उहाँका व्यवहारहरू विभिन्न प्रकारका हुन्छन्। कहिलेकाहीं उहाँले हामीलाई कुनै कुराबाट जोगाउन अग्रिम रूपमा हस्तक्षेप गर्नुहुन्छ; कहिलेकाहीं सुधार गर्नका लागि; तर सधैं हामीलाई सिकाउनका लागि। हामी आफ्नै इच्छाले कुनै यस्तो बाटोमा लागेका हुन सक्छौं, जसको अन्त्य नैतिक विनाशमा हुने थियो। उहाँ हस्तक्षेप गर्नुहुन्छ र हामीलाई हाम्रो उद्देश्यबाट फर्काउनुहुन्छ। उहाँले हावामा बनाएका हाम्रा महलहरूलाई टुक्राटुक्रा पारिदिनुहुन्छ, हाम्रा सुनौला सपनाहरूलाई तितरबितर पारिदिनुहुन्छ, र हाम्रो हृदयले चाहेको, तर अन्ततः निश्चित विनाशमा पुऱ्याउने अनेकौं प्रिय योजनाहरूलाई रोकिदिनुहुन्छ।

*"हेर्नुहोस्, यी सबै कुराहरू परमेश्वरले मानिससँग घरी-घरी गर्नुहुन्छ, त्यसको प्राणलाई खाडलबाट फर्काएर ल्याउनलाई, फलस्वरूप त्यो जीवितहरूको ज्योतिले उज्ज्वल होस्" (अय्यूब ३३:२९-३०)*

-चार्ल्स एच म्याकिन्टोश

## मद्यपान



मदिराको बोतलमा असन्तुष्टिले सान्त्वना, कायरताले साहस, र संकोचले आत्मविश्वास खोज्छ—तर सबैले **विनाश** नै पाउँछन्!

## प्रचारकहरूलाई अर्ती

तपाईंको जीवनशैली तपाईंको शिक्षासँग मेल खान्छ भनी निश्चित गर्नुहोस्। यदि त्यसो हुँदैन भने, तपाईंले गर्नुभएको सबै असल कामलाई नै निष्फल बनाउनुहुनेछ। हाम्रो जीवन असंगत छ भने मानिसहरूले ख्रीष्टियन धर्ममा खासै सत्यता छैन र हाम्रो प्रचार केवल 'खोक्रो कुरा' मात्र हो भनी सोच्नेछन्। यदि हामीले भनेको कुरा साँच्चै मनमा राख्छौं भने, हामीले भनेकै कुरा अवश्य गर्नेछौं। एउटा घमण्डी शब्द, एकपटकको रिसको झल्को, वा एउटा स्वार्थी कामले तपाईंका सबै परिश्रमलाई चाँडै नष्ट गर्न सक्छ। यदि तपाई सुसमाचारको सफलताको चाहना गर्नुहुन्न भने, सेवकाइमा तपाईं के गरिरहनुभएको छ? आत्माहरू जित्नका लागि अपमान वा चोट सहन, आफ्नो रिसलाई नियन्त्रण गर्न, आफ्नो घमण्डलाई दबाउन वा निमन अवस्थाका मानिसहरूसँग मित्रता गर्न तपाई तयार हुनुहुन्न र? कतिपयले यति होसियारीसाथ प्रचार गर्छन्, तर यति लापरवाहीसाथ जीवन बिताउँछन्—कति अनौठो कुरा! हामीले "वचनले भनेअनुसार गर्ने" मानिसहरू हौं, केवल बोल्ने मात्र होइनौं, "नत्रता आफैलाई धोका दिन्छौं" (याकूब १:२१)। हामीले प्रचार गर्ने तरिकाजत्तिकै आफ्नो जीवन जिउने तरिकामा पनि ठूलो होसियारी अपनाउनुपर्छ। यदि हामी आत्माहरू जित्न चाहन्छौं भने, हामी पुलपिटमा हुँदा होस् वा पुलपिटबाहिर, यही हाम्रो लक्ष्य हुनुपर्छ! परमेश्वरका लागि तपाईंसँग भएका सबै कुरा, तपाईंको जिब्रो मात्र होइन, सबै कुरा प्रयोग गर्न परिश्रमपूर्वक लागिरहनुहोस्!

निन्दाको कुनै ठाउँ नरहने आचरण र बोली कायम राख्नुहोस्। तपाईंको जीवनले हरेक प्रकारले पापको भर्त्सना गर्नुपर्छ र भक्तिको जीवन जिउन अरूलाई प्रेरित गर्नुपर्छ। तपाई आफ्ना मानिसहरूले आफ्ना परिवारको राम्रो हेरचाह गरून् भन्ने चाहनुहुन्छ भने, आफ्नै परिवारको पनि राम्रो हेरचाह गर्नुहोस्। पूर्वाग्रहलाई हटाउन नम्रता र आत्मत्यागजस्तो प्रभावकारी अर्को कुनै कुरा छैन। मानिसहरूलाई सम्मान र अधीनतामा ल्याउन आफ्नो अधिकार प्रयोग गरी दबाब दिने प्रलोभनको प्रतिरोध गर्नुहोस्। विशेष गरी सबैभन्दा गरिब सदस्यहरूसँग मित्रता गर्नुहोस्। धेरै असल काम गर्ने यो एउटा प्रभावकारी उपाय हुन सक्छ! - रिचार्ड ब्याक्स्टर





# प्रेममा साँचो बोल्दै



भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक २१

"तर हामी सबैजना अशुद्ध थोकजस्ता छौं, र **हाम्रा सबै धार्मिक कामहरू** मैला थाङ्नाहरूसरह छन्; अनि हामी सबैजना पातजस्तै ओइलिन्छौं, र **हाम्रा अधर्महरूले** हामीलाई बतासले झैं उडाएर लगेका छन्।"
यशैया ६४:६



## नयाँ जीवन

सृष्टि परमेश्वरद्वारा बनाइएको हो भनी मैले विश्वास गर्दैमा मेरो आत्मालाई जीवन प्राप्त हुँदैन। म पुरानो नियममा भएका कुनै पनि तथ्यहरू विश्वास गर्न सक्छु, र नयाँ नियममा येशूका सबै आश्चर्यकर्महरू, प्रवचनहरू र उहाँका कार्यहरू सत्य हुन् भनी निश्चित हुन सक्छु, तापनि मेरो आत्माले अझै जीवन नपाएको हुन सक्छ।

तर ख्रीष्टमा नै विश्वास गर्नु भनेको उहाँको विषयमा भएका कुराहरूमा शङ्का नगर्नुभन्दा बिल्कुलै भिन्न कुरा हो। यसको अर्थ म कम्तीमा केही हदसम्म आफ्नै योग्यता र आत्मनिर्भरताको अन्त्यमा आइपुगेको छु, पवित्रशास्त्रले मेरो स्वभावको विषयमा सुनाएको मलाई दीन तुल्याउने फैसलासामु झुकेको छु, र परमेश्वरको दृष्टिमा आफू केवल एउटा दयनीय, हराएको र मरेको प्राणी हुँ भनी स्वीकार गर्छु। - विलियम केली

## तपाईं नयाँ गरी जन्मनैपर्छ

*"साँचो-साँचो म तिमीलाई भन्दछु, कोही मानिस नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।"* (यूहन्ना ३:३)

निकोदेमस एक धार्मिक गुरु थिए, तर येशूले उनलाई नयाँ गरी जन्मनैपर्छ, नत्रता उनले परमेश्वरको राज्य देख्न सक्दैनन् भनी बताउनुभयो। तसर्थ, मानिस धार्मिक हुनु मात्र पर्याप्त छैन। तपाईं ख्रीष्टियन परिवारमा जन्मेर पुग्दैन। बाइबलको ज्ञान हुँदैमा, बप्तिस्मा लिँदैमा वा चर्चघर जाँदैमा तपाईं परमेश्वरको सामु ग्रहणयोग्य बन्नुहुन्न। **तपाई नयाँ गरी जन्मनैपर्छ।**

येशूले सिकाउनुभयो, "शरीरबाट जन्मिएकोचाहिँ शरीर हो, र आत्माबाट जन्मिएकोचाहिँ आत्मा हो" (यूहन्ना ३:६)। **नयाँ गरी जन्मनुको अर्थ परमेश्वरको आत्माबाट जन्मनु हो।** यो एक आत्मिक जन्म हो। तपाई शरीरबाट त जन्मिसक्नुभयो। तर के तपाई आत्माबाट पनि जन्मिनुभयो? कसरी जन्मिने? येशू ख्रीष्टलाई ग्रहण गरेर—"तर जतिले उहाँलाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरको सन्तान हुने अधिकार दिनुभयो, अर्थात् तिनीहरूलाई जसले उहाँको नाममा विश्वास गर्छन्। तिनीहरू... **परमेश्वरबाट जन्मेका** हुन्।" (यूहन्ना १:१२–१३)। एक व्यक्तिले प्रभु येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गरेकै घडी परमेश्वरले निजको मरेको आत्माभित्र अनन्त जीवन ल्याउनुहुन्छ।

**"के सुकर्मले स्वर्ग पुगिन्न?"** अहँ, "जो शरीरबाट जन्मेको छ, त्यो शरीर नै हो।" यसको अर्थ, मानिसले जति सुकर्म गरोस्, ऊ स्वभावैले पापी नै हो। दाऊदले लेखे, "हेर्नुहोस्, म अधर्ममा उत्पन्न भएँ, र पापमा मेरी आमाले मलाई गर्भाधारण गरिन्" (भजनसंग्रह ५१:५)। पापमा मरेको आत्माले गरेका सुकर्महरू परमेश्वरका सामु मैला थाङ्नाहरूसरह छन्, त्यसैले **तपाई नयाँ गरी जन्मनैपर्छ।**

**"मैले पानीको बप्तिस्मा लिँदा नयाँ जीवन पाइनँ र?"** अहँ, नयाँ जीवन पाइन्छ भनेर धेरैले पानीको बप्तिस्मामा भरोसा राख्छन्। तर यो घातक भूल हो! यूहन्ना ३:५ मा येशूले "कोही मानिस पानी र आत्माबाट जन्मेन भने ऊ परमेश्वरको राज्यभित्र पस्न सक्दैन" भन्नुको अर्थ पानीको बप्तिस्मा होइन। किनकि येशूले "पानीबाट जन्मनु" लाई कहिल्यै बप्तिस्मासित जोड्नुभएन। साथै, बाइबलको स्पष्ट गवाही यो छ कि मानिस सुकर्मद्वारा होइन तर विश्वासद्वारा अनुग्रहले मुक्ति पाउँछ (एफेसी २:८–९; तीतस ३:५)। नयाँ गरी जन्मन केवल येशू ख्रीष्टको रगतमा भरोसा राख्नुहोस्, बप्तिस्मामा होइन।

निकोदेमसले नयाँ गरी जन्मनुको अर्थ नबुझेर प्रश्न गरे, के मानिस आफ्नो आमाको गर्भमा दोस्रो चोटि पसेर जन्मन सक्छ र (३:४)? येशूको जवाफले देखाउँछ, "पानीबाट जन्मनु" (३:५) र "शरीरबाट जन्मनु" (३:६) एउटै कुरा हो—अर्थात् बच्चा आमाको गर्भजल (एम्नियोटिक द्रव) बाट बाहिर निस्कनु हो। र उहाँको मूल शिक्षा यो हो कि "पानीबाट"/"शरीरबाट" हुने जन्मले होइन, तर "आत्माबाट" अथवा परमेश्वरबाट हुने जन्मले मात्र मानिस परमेश्वरको राज्यमा पस्नेछ। -प्रदेश श्रेष्ठ

© 2026 WORDOFTRUTH.COM.NP

# परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

अध्याय ७ [४ मध्ये भाग २]

## आधुनिक युगको सत्यत्याग (क्रमशः)

### उदारवादी प्रोटेस्टेन्टवादको विरुद्ध परमेश्वरको प्रतिकार्य

उदारवाद र सामाजिक सुसमाचारले व्यापक रूपमा प्रभाव जमाइरहेको बेला, परमेश्वरले विभिन्न माध्यमहरूद्वारा संसारमा आफ्नो साक्षीलाई कायम राख्दै व्यापक सत्यत्याग हुनबाट रोक्नुभयो। उहाँले असत्यनिष्ठहरूलाई मूडी, टोरे र सन्डेले सञ्चालन गरेका सुसमाचार प्रचार अभियानहरूमार्फत सुसमाचार सुनाउनुका साथै, विभिन्न स्थानहरूमा आयोजित बाइबल तथा भविष्यवाणीसम्बन्धी सम्मेलनहरूद्वारा विश्वासीहरूलाई दृढ तुल्याउनुभयो। यी सम्मेलनहरूले ख्रीष्टियनहरूलाई ख्रीष्टियमतका आधारभूत सत्यहरूमा स्थिर रहन र ख्रीष्टको दोस्रो आगमनमा उहाँले ईश्वर-शासित राज्य स्थापना गर्नुहुनेछ भन्ने आशामा दृढ रहन सहायता गरे।

जसरी धेरै ख्रीष्टियन विद्यालयहरू उदारवादी सत्यत्यागतर्फ लागे, त्यसरी नै परमेश्वरले तिनको स्थान लिन र नयाँ विश्वासीहरूलाई ख्रीष्टियन शिक्षा प्रदान गर्न नयाँ विद्यालयहरू खडा गर्नुभयो। प्रतिकार्यको यस चरणको एउटा रोचक पक्ष बाइबल विद्यालय आन्दोलनको उदय थियो। १८८० को दशकदेखि बीसौँ शताब्दीको प्रारम्भिक दशकहरूमा अमेरिकाको न्यूयोर्क, शिकागो, बोस्टन, लस एन्जलस र फिलाडेल्फियाजस्ता



सहरहरूमा थुप्रै बाइबल विद्यालयहरू स्थापना गरिए। नयाँ ख्रीष्टियन महाविद्यालयहरू र सेमिनरीहरू पनि सुरु गरिए।

सन् १९०९ मा दुई जना ख्रीष्टियन सर्वसाधारण विश्वासीहरूले त्यस समयको सत्यत्यागको विरुद्ध बाइबलीय ख्रीष्टियमतका आधारभूत विश्वासहरूको पक्षमा वकालत गर्ने पुस्तकहरूको एउटा संग्रह प्रकाशन गर्न आर्थिक सहयोग गरे। उक्त संग्रहको नाम *The Fundamentals* थियो, र यसका सयौँ हजार प्रतिहरू संसारभरिका मण्डलीका अगुवाहरूलाई पठाइए। यी पुस्तकहरूको शीर्षकका कारण, तिनमा प्रतिपादित सिद्धान्त-हरूलाई मान्ने मानिसहरूलाई **'फन्डामेन्टलिस्टहरू'** (Fundamentalists) भनिन थालियो। सन् १९०९ मा व्याख्यात्मक टिप्पणीहरूसहितको *Scofield Reference Bible* प्रकाशित भयो। यसले सर्वसाधारण विश्वासीहरूलाई धर्मशास्त्रको बुझाइमा सहायता गऱ्यो र भविष्यमा स्थापित हुने ईश्वरीय राज्यको आशालाई जोड दियो।

सन् १९१९ देखि १९३१ सम्म फन्डामेन्टलिस्टहरूले प्रमुख प्रोटेस्टेन्ट सम्प्रदायहरूमध्ये केहीमा बढ्दै गएको उदारवादी नियन्त्रणलाई चुनौती दिए। यसले विभिन्न मण्डलीहरूभित्र Modernist-Fundamentalist विवाद निम्त्यायो। विभिन्न सम्प्रदायका अगुवाहरू उदारवादसामु झुक्दै गएपछि, धेरै फन्डामेन्टलिस्टहरू ती संगठनहरूबाट अलग भए र नयाँ सम्प्रदायगत तथा अन्तरसम्प्रदायगत समूहहरू स्थापना गर्न थाले।

## एकतावादी आन्दोलनको जन्म

उन्नाइसौँ शताब्दीको उत्तरार्ध र बीसौँ शताब्दीको प्रारम्भिक समयमा प्रोटेस्टेन्टवादभित्र एकताको दिशामा एउटा आन्दोलनको जन्म भयो। यस आन्दोलनका पछाडि धेरै कारणहरू थिए। पहिलो, ख्रीष्टियन एकतासम्बन्धी बाइबलका कथनहरू र प्रोटेस्टेन्टवादको विभाजित अवस्थाबीचको विरोधाभासले धेरै मानिसहरूलाई चिन्तित बनाएको थियो। दोस्रो, उदारवादले पवित्रशास्त्रको महत्त्वलाई कम गर्दै लगेको थियो। तेस्रो, मिसनको क्षेत्रमा भएका प्रयासहरूको दोहोरोपन र त्यसबाट उत्पन्न अन्योलताई अन्त्य गर्ने इच्छा थियो। चौथो, सामाजिक सुसमाचारका पक्षधरहरू चाहन्थे कि आधुनिक संसारका नैतिक तथा सामाजिक समस्याहरूप्रति ख्रीष्टियन जगतले एकताबद्ध रूपमा आफ्नो सरोकार प्रकट गरोस्। पाँचौँ कुरा, विभिन्न युवा तथा विद्यार्थी आन्दोलनहरूमार्फत युवाहरूले ख्रीष्टियन जगतलाई विभाजित गर्ने मतभेदहरूप्रति आफ्नो असन्तुष्टि व्यक्त गरे।

यी कारकहरूको प्रतिक्रियास्वरूप, अमेरिकामा सन् १९०८ मा Federal Council of Churches स्थापना गरियो। यसको उद्देश्य सामाजिक समस्याहरूमा संयुक्त प्रोटेस्टेन्ट कार्यका लागि एउटा केन्द्रीय संगठन उपलब्ध गराउनु, सम्प्रदायहरूलाई एक-अर्कालाई अझ राम्रोसँग बुझ्ने अवसर प्रदान गर्नु, आफ्ना भिन्नताहरूबारे खुला छलफल गर्नु र मिसनको क्षेत्रमा सहकार्यलाई सहज बनाउनु थियो। सुरुमा यसको जोड सबै निकायहरूलाई एउटै संगठनमा गाभ्नुमा नभई विश्वव्यापी स्तरमा अन्तरसम्प्रदायगत सहकार्यमा थियो।

## नव-रूढिवादको विकास

प्रथम विश्वयुद्धको व्यापकता र भयावह परिणामहरूले मानिस र समाज क्रमशः पूर्णतातर्फ अघि बढ्दै जाने सामाजिक सुसमाचारको अवधारणालाई गम्भीर रूपमा कमजोर बनायो। उदारवादी प्रोटेस्टेन्टवादको आशावाद वास्तविकतासँग मेल खाएजस्तो देखिएन। युद्धले मानिसमा अन्तर्निहित असलपनालाई पुष्टि गर्नुको सट्टा मानिसको भ्रष्टतालाई उजागर गऱ्यो। उदारवादी प्रोटेस्टेन्ट ईश्वरशास्त्रमा पुनर्विचारको आवश्यकता देखियो। यसरी, सन् १९१९ मा पश्चिमी युरोपको प्रोटेस्टेन्टवादभित्र एउटा नयाँ ईश्वरशास्त्रीय आन्दोलन सुरु भयो। समय बित्दै जाँदा यो आन्दोलन अमेरिकासम्म फैलियो र दोस्रो विश्वयुद्धपछिको युगमा प्रोटेस्टेन्ट विचारको ठूलो भागमा प्रभुत्व जमायो।

यो आन्दोलन उदारवादी ईश्वरशास्त्रका भ्रमहरूको कडा आलोचनाका रूपमा सुरु भयो। यसले अस्तित्ववादबाट केही अवधारणाहरू ग्रहण गऱ्यो—अस्तित्ववाद उन्नाइसौँ शताब्दीमा विकसित भएको एउटा आन्दोलन थियो, जसले उदारवादी ईश्वरशास्त्र र संस्थागत मण्डलीको आलोचना गरेको थियो। नयाँ आन्दोलनको ईश्वरशास्त्रले परमेश्वरको सार्वभौमिकता, पारलौकिकता, क्रोध र न्यायका साथै उहाँको कृपा र प्रेमलाई पुनः जोड दियो। परमेश्वर आफ्नो संसारभन्दा अनन्त रूपमा माथि र सर्वोच्च हुनुहुन्छ। परमेश्वरसम्बन्धी यो जोड उदारवादी अवधारणाको विपरीत थियो, जसले परमेश्वरलाई संसारको विशालताभन्दा सानो देखाएको थियो।

नयाँ आन्दोलन (Neo-orthodoxy) ले ख्रीष्ट मानिसभन्दा बढी हुनुहुन्छ—उहाँ साँचो परमेश्वर र साँचो मानिस हुनुहुन्छ—भन्ने कुरामा पनि जोड दियो। यसले मानिसको प्रत्येक आन्दोलनमा पापपूर्णताको साथै मानिसको पापपूर्णतालाई पनि जोड दियो, र पाप मानिसमा यति गहिरोसँग जरा गाडेर बसेको छ कि केवल परमेश्वरको उद्धारकारी कार्यले मात्र त्यसलाई परास्त गर्न सक्छ। यसले विश्वास र आचरणका लागि अन्तिम अधिकार धार्मिक अनुभव होइन भन्ने कुरा बतायो। यसले निष्कर्ष निकाल्यो कि, मण्डली सामाजिक खराबीहरूका विषयमा बोल्न बाध्य भए तापनि, सामाजिक व्यवस्थालाई क्रमशः परमेश्वरको राज्यमा रूपान्तरण गर्न सकिँदैन। यी ईश्वरशास्त्रीय कथनहरू रूढिवादसँग यति धेरै मिल्दोजुल्दो थिए कि अन्ततः यस आन्दोलनलाई नयाँ रूढिवाद वा नव-रूढिवाद भनेर चिनिन थाल्यो।

यद्यपि नव-रूढिवादले प्रायः रूढिवादको भाषा प्रयोग गर्थ्यो, त्यसले उक्त भाषालाई प्रायः रूढिवादभन्दा फरक अर्थमा प्रयोग गऱ्यो। कैयौँ महत्त्वपूर्ण विषयहरूमा यो रूढिवादभन्दा भिन्न थियो, र यस भिन्नताले अन्ततः बाइबलीय ख्रीष्टियमतलाई नै फरक बनायो। परमेश्वरको प्रकाशनको विषयमा, नव-रूढिवादले विश्वास र आचरणका लागि अन्तिम अधिकार बाइबल होइन भनेर घोषणा गऱ्यो। वास्तवमा, परमेश्वरले सत्यका स्पष्ट कथनहरूद्वारा, चाहे ती बोलेका हुन् वा लेखिएका, कहिल्यै ईश्वरीय प्रकाशन दिनुभएको छैन। नव-रूढिवादका अनुसार, अन्तिम अधिकार भनेको परमेश्वरले कुनै व्यक्तिले उहाँलाई व्यक्तिगत रूपमा भेट्दा त्यस व्यक्तिलाई दिनुहुने उहाँकै आत्म-प्रकाशन हो। यसको अर्थ, कुनै एक व्यक्तिका लागि ईश्वरीय प्रकाशन सबै मानिसहरूका लागि उस्तै हुँदैन। परमेश्वरले एक व्यक्तिलाई एउटा कुरा प्रकट गर्न सक्नुहुन्छ भने अर्को व्यक्तिलाई अर्कै कुरा प्रकट गर्न सक्नुहुन्छ। परमेश्वरले कुनै व्यक्तिसँग व्यक्तिगत रूपमा बोल्न बाइबलको कुनै अंश प्रयोग गर्नुभयो भने, त्यो अंश त्यस व्यक्तिका लागि परमेश्वरको वचन बन्छ। तर परमेश्वरले बाइबलद्वारा कुनै व्यक्तिसँग कहिल्यै बोल्नुभएन भने, त्यस व्यक्तिका लागि बाइबल परमेश्वरको वचन हुँदैन। यस दृष्टिकोणको अर्थ यो पनि हो कि, कुनै मानिसले प्रकृतिद्वारा परमेश्वरको विषयमा केही जान्न चाहे तापनि, परमेश्वरले प्रकृतिको कुनै पक्षद्वारा व्यक्तिगत रूपमा उससँग नबोल्नुभएसम्म उसले केही जान्न सक्दैन। सारमा, नव-रूढिवादले बाइबल वा प्रकृतिमा परमेश्वरको कुनै वस्तुगत प्रकाशन छैन भन्ने मान्यता राख्यो।

नव-रूढिवाद अन्य विषयहरूमा पनि रूढिवादी ख्रीष्टियमतभन्दा भिन्न थियो। यसले मौलिक पवित्रशास्त्रमा समावेश सृष्टि, मानिसको पतन र अन्तिम न्यायसम्बन्धी विवरणहरूमा त्रुटि रहेको विश्वास गऱ्यो। यसका अनुसार, सृष्टि, मानिसको पतन र अन्तिम न्यायसम्बन्धी बाइबलका विवरणहरूले वास्तविक वा ऐतिहासिक घटनाहरूलाई जनाउँदैनन्; बरु ती महत्त्वपूर्ण सत्यहरूलाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्ने मिथकहरू हुन्। वास्तवमा, पतन एकपटक घटेर समाप्त भएको विगतको घटना मात्र होइन; यो परमेश्वरबाट विमुख हुनु हो, जुन प्रत्येक मानव जीवन र प्रत्येक मानव कार्यमा देखिन्छ। नव-रूढिवादले परमेश्वरको राज्य मानिसले होइन, परमेश्वरले नै स्थापना गर्नुहुनेछ भनेर बतायो, तर यसको स्थापना इतिहासभन्दा परको विषय हो। भावी ईश्वर-शासित राज्यसम्बन्धी बाइबलीय धारणा एउटा प्रतीक हो। यसको उद्देश्य इतिहासका लागि परमेश्वरको ईश्वरीय उद्देश्यलाई चित्रण गर्नु हो। इतिहासभन्दा पर दुष्टतामाथि हुने अन्तिम विजयको प्रतिज्ञा गर्ने यो परमेश्वरको तरिका हो।

यसरी, नव-रूढिवादले धेरै उदारवादी प्रवृत्तिहरूको विरोध गरे तापनि, यसले तीमध्ये अरू केही प्रवृत्तिहरूलाई निरन्तरता पनि दियो। बाइबलीय भाषालाई गैर-बाइबलीय अवधारणाहरू व्यक्त गर्न प्रयोग गरेको तथ्यले यसका केही शिक्षाहरूलाई उदारवादभन्दा पनि बढी भ्रामक बनायो। यसरी, नव-रूढिवादले परमेश्वरको राज्यविरुद्ध शैतानको युद्धमा उदारवादभन्दा अझ प्रभावकारी औजारको काम गऱ्यो।

साभार: *What on earth is God Doing* by Renald Showers

*(क्रमशः आगामी अंकमा)*